# अमूर्त साँस्कृतिक सम्पदाका विधाहरू





अमूर्त साँस्कृतिक सम्पदा

संयुक्त राष्ट्र संघीय
शैक्षिक, वैज्ञानिक तथा
सांस्कृतिक संगठन

अमूर्त
सांस्कृतिक
सम्पदा



# अमूर्त साँस्कृतिक

युनेस्कोको अमूर्त साँस्कृतिक सम्पदा संरक्षण महासन्धि, २००३ ले पाँचवटा वृहत विधाहरू प्रस्ताव गरेको छ, जसमा अमूर्त साँस्कृतिक सम्पदा अभिव्यक्त भएको हुन्छ :

- **अमूर्त साँस्कृतिक सम्पदाको संवाहकककारूपमा भाषा सहित मौखिक परम्परा एवं अभिव्यक्तिहरू;**
- **प्रस्तुति कला;**
- **सामाजिक अभ्यास, अनुष्ठान तथा चाडपर्वका उत्सवहरू;**
- **प्रकृति र ब्रह्माण्डसँग सम्बन्धित ज्ञान तथा अभ्यासहरू;**
- **परम्परागत शिल्पकारिता**


फोटो © फर्डिनाण्ड डि जङ


फोटो © ए. बर्टेसम

*काङ्कुराङ, म्याण्डिङ इनिसिएटरी राइट, सेनेगल तथा गाम्बिया*

*द अलोन्खो, याकट हिरोइक इपोस, रसियन फेडेरेसन*

*विञ्सँको रमिता, बेल्जियम*

# सम्पदाका विधाहरू

अमूर्त साँस्कृतिक सम्पदाका दृष्टान्तहरू कुनै एउटा मात्रै अभिव्यक्तिमा सिमित छैनन्; यिनीहरूमध्ये धेरैले विभिन्न विधाका तत्वहरूलाई समेट्दछन् । उदाहरणका लागि धामीझाँक्री कै अनुष्ठानलाई लिऊँ । यसमा परम्परागत संगीत एवं नृत्य, प्रार्थना एवं गायन, वस्त्र एवं पवित्र सामाग्रीहरूका साथै धार्मिक विधि एवं प्रचलनहरू तथा प्राकृतिक संसारकाबारेमा तीक्ष्ण चेतना तथा ज्ञानको संलग्नता रहेको हुनसक्छ । त्यसरी नै चाडवर्पहरू अमूर्त साँस्कृतिक सम्पदाका जटिल अभिव्यक्तिहरू हुन् जसमा गायन, नृत्य, रंगमञ्च, भोजभतेर, मौखिक परम्परा एवं कथावाचन, शिल्पकलाको प्रदर्शनी, खेलकूद र अन्य मनोरञ्जनात्मक गतिविधिहरू समावेश हुन्छन् । विधाहरूबीचका सीमाहरू अत्यन्तै तरल हुन्छन् र प्रायः समुदायपिच्छे फरक हुन्छन् । बाहिरबाट अपरिवर्तनीय प्रकारका कुराहरू थोपर्नु, असंभव नभए पनि सजिलो चाहिँ छैन । एउटा समुदायले आफूले गर्ने मन्त्रोच्चारणलाई संस्कारको एउटा स्वरूपका रूपमा हेरिरहँदा अर्को समुदायले भने त्यसैलाई गीतको रूपमा व्याख्या गरेको पनि हुनसक्छ । त्यसैगरी, एउटा समुदायले जसलाई 'रंगमञ्च' का रूपमा परिभाषित गरको छ, फरक साँस्कृतिक सन्दर्भमा त्यसलाई 'नृत्य' का रूपमा विश्लेषण गर्न सकिन्छ । मात्रा र सीमामा समेत फरक छ : अभिव्यक्तिका विविधताहरूकाबीचमा एउटा समुदायले ससाना भिन्नताहरू ल्याउन सक्छन भने अर्को समूहले ती सबैलाई एउटै स्वरूपका भिन्नभागहरूका रूपमा लिन सक्छन् ।

अमूर्त साँस्कृतिक सम्पदाका प्रकारहरूको पहिचान गर्न महासन्धिले प्रारूपको व्यवस्था गर्दा यसले प्रदान गर्ने विधाहरूको सूची असमावेशी नभई समावेशी हुनुपर्ने अभिप्राय राखिएको छ; यो 'पूर्ण' नै हुनु पर्छ भन्ने चाहिँ छैन । राज्यहरूले विधाका विभिन्न पद्धतिहरू प्रयोग गर्न सक्छन् । पहिलेदेखि नै यसमा विविधता रहेको पाइन्छ, कुनै देशहरूले अमूर्त साँस्कृतिक सम्पदाका प्रस्तुतिहरूलाई फरकफरक विधाहरूमा बाँड्ने गरेका छन् भने, कुनैले महासन्धिमा उल्लेख गरिएका जस्तै विधाहरूलाई वैकल्पिक नाम राखेर प्रयोग गर्ने गरेका छन् । उनीहरूले विद्यमान विधाहरूमा थप विधाहरू वा नयाँ उप-वर्गहरू थप गर्न सक्नेछन् । यस अन्तर्गत 'परम्परागत क्रीडा एवं खेल', 'पाक-परम्परा', 'पशुपालन', तीर्थाटन वा 'स्मरणीय स्थलहरू' लगायतका अमूर्त साँस्कृतिक सम्पदाहरूलाई मान्यता दिइएका देशहरूमा पहिलेदेखि नै प्रयोगमा रहेका 'उप-विधाहरू' समावेश हुन सक्छ ।


फोटो © डिपार्टमेन्ट अफ कल्चर हेरिटेज, मिनिस्ट्री अफ कल्चर अफ म्याडागास्कर


फोटो © कन्सेलो दास आदियास वायपी

*जाफिमानिरी, म्याडागास्करको काष्ठकला ज्ञान*

*वजापी, ब्राजीलको मौखिक एवं चित्रात्मक अभिव्यक्ति*

फोटो © एम रेम्पलाङ



फोटो © रेनाटो एस. राष्ट्रेल्लो / एनसिसीए – आइसीएच / युनेस्को

फिलिपिन्सका इफुगाओको हुदहुद भजन

**मौखिक परम्परा तथा अभिव्यक्तिहरू**

मौखिक परम्परा तथा अभिव्यक्ति विधाले उखानटुक्का, पहेली, कथा, बालगीत, किम्बदन्ती, मिथक, महाकाव्यका गीत तथा कविता, तन्त्रमन्त्र, प्रार्थना, गायन, गीत, नाट्य प्रस्तुति लगायत अनेका प्रकारका मौखिक शैलीहरूलाई समेट्दछ । मौखिक परम्परा तथा अभिव्यक्तिहरू साँस्कृतिक तथा सामाजिक मूल्यहरू एवं साझा संस्मरणहरू हस्तान्तरण गर्नमा प्रयोग हुन्छन् । संस्कृति जीवन्त राख्नमा तिनीहरूले महत्वपुर्ण भूमिका निर्वाह गर्दछन् ।

केही मौखिक अभिव्यक्तिहरू साझा हुन्छन् जसलाई सम्पूर्ण समुदायले प्रयोग गर्नसक्छन् भने केही चाहिँ खास सामाजिक समूह, पुरूष वा महिला मात्र, वा सायद अग्रज मानिसहरूमा मात्रै सीमित हुनसक्छन् । धेरै जसो समाजमा मौखिक परम्पराको प्रस्तुति गर्नुलाई अत्यन्तै विशिष्ट पेशाका रूपमा लिइन्छ र व्यवसायिक प्रस्तोताहरूलाई समुदायले उनीहरूको साझा स्मृतिका अभिभावकका रूपमा उच्च सम्मान व्यक्त गदर्छन् । यस्ता प्रस्तोताहरू सारा विश्वभरिकै समुदायमा पाउनसकिन्छ । अफ्रिकाका ग्रिओट्स र ड्येल्ली लगायत गैरपश्चिमी समाजमा कवि र कथावाचकहरू प्रशिद्ध भए भैँ युरोप र उत्तर अमेरिकामा पनि समृद्ध मौखिक परम्परा पाइन्छ । उदाहरणका लागि, जर्मनी र अमेरिकामा सैयौँ व्यवसायिक कथावाचकहरू छन् ।

मुखको बोलीका माध्यमबाट हस्तान्तरित हुने भएका कारण मौखिक परम्परा एवं अभिव्यक्तिहरू अक्सर तिनीहरूको वाचन अनुसार महत्वपूर्णरूपमा फरक हुने गर्दछन् । एक विधा देखि अर्को विधसम्म, एक सन्दर्भ देखि अर्को सन्दर्भसम्म र एक प्रस्तोता देखि अर्को प्रस्तोतासम्म भिन्नभिन्न रहने, कथाहरू पुनर्उत्पादन, परिस्कार र सृजनका संयोजन हुन् । यो संयोजनले तिनीहरूलाई अभिव्यक्तिको आकर्षक र रंगीन स्वरूप त दिन्छ, तर दुर्बल पनि बनाइदिन्छ, किनकि तिनीहरूको जीवन्तता प्रस्तोताहरूको एकदेखि अर्कोपुस्तासम्म अविच्छिन्न रूपमा हस्तान्तरित हुँदै आएको परम्पराको श्रृंखलामा निर्भर रहन्छ ।

धेरै समुदायको अमूर्त सम्पदालाई भाषाले टेको दिएको हुने भएता पनि कुनै एक खास भाषाको संरक्षण एवं जगेर्ना २००३ को महासन्धिको कार्यक्षेत्र बाहिरको कुरा हो; यद्यपि धारा २ मा भाषालाई अमूर्त साँस्कृतिक सम्पदा हस्तान्तरणको माध्यमका रूपमा समावेश गरिएको छ । विभिन्न भाषाहरूले कथा, कविता तथा गीतहरू कसरी बाचन गरिन्छ भन्ने निर्धारण गर्नुका साथै तिनीहरूको विषयवस्तुलाई समेत प्रभावित पार्दछन् । भाषाको नाश हुनाले मौखिक परम्परा तथा अभिव्यक्तिहरूलाई अवश्य पनि स्थायी रूपमा लोप हुने दिशामा डोऱ्याउँछ । तथापि, शव्दकोष, व्याकरण र आँकडाहरूभन्दा पनि भाषाहरूको संरक्षणमा सबैभन्दा राम्रो सहयोग पुऱ्याउने भनेको मौखिक अभिव्यक्ति स्वयं र सार्वजनिक रूपमा तिनीहरूको प्रस्तुति नै हुन् । भाषा गीत एवं कथा, पहेली

प्यालेस्टाइनी हिकाय



एवं टुक्कामा जीवन्त रहन्छ र त्यसैले भाषा संरक्षण र मौखिक परम्परा एवं अभिव्यक्तिहरूको हस्तान्तरण एकआपसमा जोडिएका छन् ।

अन्य प्रकारका अमूर्त साँस्कृतिक सम्पदाहरू जस्तै मौखिक परम्पराहरू पनि तीव्र सहरीकरण, ठूलो मात्रामा भैरहेको बसाँईसराई, औद्योगीकरण र वातावरणीय परिवर्तनका कारण जोखिममा परेका छन् । किताब, पत्रपत्रिका, म्यागेजिन, रेडियो, टेलिभिजन र इन्टरनेटले विशेष गरेर मौखिक परम्परा तथा अभिव्यक्तिहरूमा क्षति पुऱ्याउन सक्छन् । आधुनिक आमसञ्चार माध्यमहरूले मौखिक अभिव्यक्तिको परम्परागत स्वरूपलाई उल्लेखनीय रूपमा बदल्न वा बढीमात्रामा प्रतिस्थापित गरिदिन सक्छन् । महाकाव्यका श्लोकहरू जसलाई पूर्णरूपमा वाचन गर्न कैयौँ दिन लाग्थ्यो, त्यसलाई केही घण्टामै वाचन गरी सक्ने तथा विवाहअघि गाइने परम्परागत प्रणय गीतहरूलाई सीडी वा डिजिटल संगीतका फाइलहरूले प्रतिस्थापन गरिदिने पनि हुनसक्छ ।

समाजमा मौखिक परम्परा तथा अभिव्यक्तिहरूको दैनिक भूमिकाको जगेर्ना गर्नु तिनीहरूको संरक्षणको महत्वपूर्ण हिस्सा हो । एक व्यक्तिबाट अर्को व्यक्तिमा ज्ञानको हस्तान्तण हुने अवसरहरू हुनु पनि अत्यावश्यक छ; उदाहरणका लागि अग्रज व्यक्तिहरूले युवाहरूसँग अन्तरक्रिया गर्ने तथा घर र विद्यालयहरूमा कथाहरू सुनाउने । मौखिक परम्पराले अक्सर चाडपर्व र साँस्कृतिक उत्सवहरूको महत्वपूर्ण हिस्सा निर्माण गर्दछ र यसको प्रबर्द्धन गरिनु आवश्यक छ । परम्परागत सृजनशीलताले अभिव्यक्तिका नयाँ उपायहरू पत्ता लगाउन सकोस् भन्नका लागि कथावाचन महोत्सव जस्ता नयाँ परिवेशहरू निर्माण गर्ने कामलाई प्रोत्साहन गर्नुपर्छ । २००३ को महासन्धिको भावना अनुसार संरक्षणका उपायहरूले मौखिक परम्परा र अभिव्यक्तिलाई एउटा प्रक्रियाका रूपमा बुझ्नु पर्दछ जहाँ समुदायले उनीहरूका साँस्कृतिक सम्पदालाई कुनै उत्पादित वस्तुका रूपमा लिनेभन्दा पनि यसका विविध आयामहरूलाई आफूखुशी खोजतलास गर्न स्वतन्त्र होउन् ।

समुदाय, अनुसन्धातकर्ताहरू र संस्थाहरूले मौखिक परम्पराको पाठ्य विविधता र विभिन प्रकारका प्रस्तुतिकलाहरू लगायत यसको पूर्णता र विशालताको संरक्षणमा सहयोग पुऱ्याउन सूचना प्रविधिको प्रयोग पनि गर्न सक्छन् । अभिव्यक्तिका विशिष्ट लक्षणहरू, जस्तै स्वरोच्चारण र अत्यन्तै धेरै संख्यामा रहेका घटबढ भैरहने शैलीहरूलाई अडियो र भिडियोका रूपमा रेकर्ड गर्न सकिन्छ । यसरी नै प्रस्तोता र दर्शककाबीचको अन्तरक्रिया तथा हाउभाउ र नक्कल जस्ता गैरमौखिक तत्वहरूलाई पनि रेकर्ड गर्न सकिन्छ । मौखिक परम्परा तथा अभिव्यक्तिहरूको सम्बर्द्धन गर्न र रेकर्ड गरिएका प्रस्तुतिहरूलाई यस्ता परम्परा एवं अभिव्यक्तिहरू उत्पत्ति भएको समुदाय र वृहत दर्शक एवं स्रोताहरू दुवैका लागि प्रसारण गरी तिनीहरूको सुदृढ गर्न समेत आमसञ्चार प्रविधिको प्रयोग गर्न सकिन्छ ।

फोटो © एमओसी

*अलोन्खो नामक बीरतासँग सम्बन्धित **रसियन महासंघ**का याकट सम्प्रदायको महाकाव्यले याकटहरूको विश्वास तथा प्रथा, धामीझाँक्री प्रचलन, मौखिक इतिहास एवं मूल्यहरूलाई प्रतिबिम्बित गर्दछ । 'अलन्खोट' वा कथावाचकले अभिनय, गायन, वाकपटुता एवं काव्यात्मक परिष्कारमा उत्कृष्ट हुनै पर्छ । अधिकांश परम्पराहरूमा जस्तै अलोन्खोका पनि धेरै संस्करणहरू छन्, जसको सबैभन्दा लामो संस्करणमा कूल १५,००० भन्दा बढि छन्दहरू रहेका छन् ।*



फोटो © युनेस्को

***प्यालेस्टेनी** हिकाये एक जना महिलाद्वारा अरू महिला वा बालबालिकाहरूलाई सुनाइन्छ र यसमा अक्सर गरेर महिलाका दृष्टिकोणबाट समाजको आलोचनात्मक विचार पस्किने गरिन्छ । सत्तरी वर्ष पार गरेका प्रायः हरेक प्यालेस्टेनी महिला हिकाये बाचक हुन्छन्, र यो परम्परालाई मुख्य गरेर पाका महिलाहरूले धानी राखेका हुन्छन् । तथापि, अभ्यास र हँसिमजाकका लागि बालिका र युवकहरूका लागि पनि एकाअर्कालाई कथा सुनाउनु अस्वाभाविक भने होइन ।*



फोटो © रफि सफिह

***फिलिपिन्स**मा इफुगाओको हुदहुद भजन वीउ छर्ने मौसममा, धान थन्काउँदा र शवयात्राका बेलामा प्रस्तुत गरिन्छ । यसको पूर्ण बाचन, जुन कैयौँ दिन सम्म चल्छ, अक्सर पाको उमेरका महिलाद्वारा गरिन्छ, जसले समुदायको इतिहासकार र उपदेशकका रूपमा काम गर्दछिन् ।*



फोटो © रेनाटो एस. राष्ट्रोल्लो / एनसीसीए – आइसीएच / युनेस्को

*एकाइंसको कला संरक्षणका लागि **किर्गिजस्तान**का विभिन्न क्षेत्रहरूमा छ वटा स्टूडियोहरूको स्थापना गरिएको छ, जहाँ मान्यताप्राप्त महाकाव्य बाचक अकाइंसहरूले उनीहरूसँग भएको ज्ञान एवं सिपलाई युवा शिष्यहरूको समूहलाई हस्तान्तरण गर्दछन् र उनीहरूलाई केही वर्षभित्र नवअकाइंस बन्नका लागि तयार पार्दछन् । गुरूले श्रव्यदृष्य सामाग्रीहरू, रेकर्ड गरिएका सामाग्रीहरू एवं पाठहरू प्रयोग गर्न सक्छन् तर व्यक्ति-व्यक्तिका बीच गरिएको सिकाइको शैली जीवन्त हुन्छ ।*



फोटो © किर्गिज नेशनल कमिसन फर युनेस्को



फोटो © Sonom-Ish Yundenbat

*➲ उर्टिन दुउ, मंगोलिया र चीनको परम्परागत लोकगीत*



ढोलकमा नकाव नृत्य
ड्रामेट्से, भूटान

## प्रस्तुति कला

प्रस्तुति कला अन्तर्गत स्वर एवं संगीत, बाद्यवादन, नृत्य र नाट्यशाला देखि मूकअभिनय, श्लोक गायन लगायत यीभन्दा धेरै कला प्रस्तुतिहरू पर्दछन् । यिनीहरूले विविध साँस्कृतिक अभिव्यक्तिहरूलाई समेट्छन्,जसले मानव सृजनशीलतालाई प्रतिबिम्बित गर्दछन् र जसलाई केही हदसम्म अमूर्त साँस्कृतिक सम्पदाका अन्य विधाहरूमा समेत पाउन सकिन्छ ।

संगीत संभवतः सबैभन्दा बढी विश्वव्यापी प्रस्तुति कला हो, जुन प्रायशः अन्य प्रकारका प्रस्तुति कलाहरू तथा संस्कार, चाडपर्व वा मौखिक परम्परा लगायत अमूर्त साँस्कृतिक सम्पदाका अन्य विधाहरूको अभिन्न अंगकारूपमा हरेक समाजमा पाइन्छ । यसलाई सबैभन्दा धेरै विविध परिप्रेक्ष्यमा प्राप्त गर्न सकिन्छ : धार्मिक वा गैरधार्मिक, शास्त्रीय वा लोकप्रिय, कामका लागि वा खाली मनोरञ्जनका लागि । संगीतका राजनैतिक वा आर्थिक आयामहरू पनि हुनसक्छन् : यसले समुदायको इतिहास वर्णन गर्नसक्छ, शक्तिशाली व्यक्तिको प्रशंसा गाउनसक्छ र आर्थिक कारोवारमा मुख्य भूमिका खेल्न सक्छ । यस्तै गरी संगीत प्रस्तुत हुने अवसरहरू पनि फरकफरक हुन्छन्: विवाह, शवयात्रा, संस्कारविधि एवं दीक्षासंस्कार, चाडपर्वहरू, सबैप्रकारका मनोरञ्जनकासाथै अरू थुप्रै प्रकारका सामाजिक कार्यक्रमहरू ।

फ्लाउटिस्ट एट चारौन,
अल्जेरिया

नृत्य, यद्यपि यो धेरै जटिल हुन्छ, लाई साधारणतया संगीतकासाथमा मिलाएर गरिने शारीरिक हाउभाउका रूपमा सामान्य हिसाबले व्याख्या गर्नसकिन्छ । यसको शारीरिक पक्ष बाहेक, लयात्मक चाल, कदम र नृत्यको हाउभाउले प्रायः भावुकता वा मनोभावलाई वा विशिष्ट घटना वा दैनिक कार्यहरूलाई व्यक्त गर्दछन् । जस्तो कि, धार्मिक नृत्य तथा शिकार, युद्ध वा यौन क्रियाकलापहरूको प्रतिनिधित्व गर्ने नृत्यहरू ।

नाट्यशालामा प्रस्तुत गरिने परम्परागत प्रस्तुतिहरूले सामान्यतया अभिनय, गायन, नृत्य र संगीत, सम्वाद, कथन वा वाचनलाई समेट्दछन्, तर कहिलेकाहिँ कठपूतली खेल र मौनअभिनयलाई समेत समेट्नसक्छन् । यद्यपि, यसप्रकारका कलाहरू दर्शकहरूका लागि गरिएका सामान्य 'प्रस्तुतिहरू' मात्रै होइन्न; कृषिकार्य गर्दा गाइने गीत वा संस्कारविशेषसँग सम्बन्धित गीतहरूले भैँ तिनीहरूले संस्कृति र समाजमा महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्छन् । बालबालिकालाई सुताउन प्रायः लोरी गाउने प्रचलन पनि रहेको पाइन्छ ।

साँस्कृतिक अभिव्यक्ति तथा अभ्यासहरूसँग सम्बन्धित बाद्यवादनका सामाग्रीहरू, वस्तु, कलाकृति एवं स्थलहरू सबैलाई महासन्धिले अमूर्त साँस्कृतिक सम्पदाकाबारेमा गरेको परिभाषामा समावेश गरिएको छ । प्रस्तुति कलामा

यसले बाद्यवादनका सामाग्रीहरू, नकाव, पोशाक एवं नृत्यमा प्रयोग गरिने अन्य शारीरिक सजावटका सामाग्रीहरू र रंगमञ्चका दृष्य एवं सामाग्रीहरूलाई समेट्दछ । प्रस्तुति कलाहरू प्रायः विशिष्ट स्थानहरूमा मञ्चन गरिन्छ; जब यस्ता स्थानहरू प्रस्तुतिसँग निकटरूपमा जोडिन पुग्छन्, महासन्धिका अनुसार, तिनीहरू साँस्कृतिक स्थल मानिन्छन् ।

आज धेरै प्रकारका प्रस्तुति कलाहरू जोखिममा परेका छन् । जब साँस्कृतिक अभ्यासहरू मापदण्डकृत हुन्छन्, तब परम्परागत अभ्यासहरू छोडिँदै जान्छन् । तिनीहरू बढी लोकप्रिय हुँदा पनि, निश्चित अभिव्यक्तिहरू मात्रै लाभान्वित हुनसक्छन् भने अन्यले नोक्सान व्होर्दछन् ।

'विश्व संगीत'को लोकप्रियतामा हालै देखिएको असाधारण बृद्धिलाई हेर्दा संगीत सायद यसको सबैभन्दा उत्तम उदाहरण हो । साँस्कृतिक आदानप्रदानमा यसले महत्वपूर्ण भूमिका खेल्ने र कलाको अन्तर्राष्ट्रिय परिदृष्यलाई समृद्ध बनाउन सृजनशीलतालाई प्रोत्साहित गर्ने भएता पनि, यसप्रकारको घटना समस्याको कारण बन्न सक्छ । सदा एकरूपको रहने उत्पादन वितरण गर्ने लक्ष्यका कारण संगीतका विविध प्रकारहरू एकैनासको बन्ने हुन सक्छ । यस्तो परिस्थितिमा, निश्चित सांगीतिक अभ्यासहरूका लागि थोरैमात्रै ठाउँ रहन्छ, जुन निश्चित समुदायमा प्रस्तुति र परम्पराको प्रक्रियाका लागि महत्वपूर्ण हुन्छन् ।

पर्यटकलाई आकर्षित गर्ने अभिप्रायकासाथ सञ्चालन गरिने साँस्कृतिक प्रबर्द्धनमा संगीत, नृत्य र रंगमञ्च महत्वपूर्ण तत्वहरू हुने गर्दछन् र तिनलाई भ्रमण सञ्चालकको भ्रमणसम्बन्धी जानकारीपत्रमा नियमितरूपमा प्रस्तुत गरिएको हुन्छ । यसले देश वा समाजमा धेरै पर्यटकहरू र आयमा बृद्धि ल्याउने तथा उसको संस्कृतिमा नयाँ अवसर प्रदान गर्ने भएता पनि यसैको फलस्वरूप पर्यटन बजारका लागि प्रस्तुति कलालाई प्रस्तुत गर्ने नयाँ तरिकाहरूको उत्पत्ति समेत हुन सक्छ । पर्यटनले परम्परागत प्रस्तुति कलालाई पुनरूत्थान गर्नमा योगदान पुऱ्याउने र अमूर्त साँस्कृतिक सम्पदालाई 'बजार मूल्य' समेत प्रदान गर्ने भएता पनि प्रस्तुतिहरूलाई प्रायः पर्यटकका मागहरू अनुरूप बनाइएका मुख्य अंशहरूमा सीमित गरिने हुँदा यसका विकृत असरहरू समेत हुन सक्छन् । सामुदायिक अभिव्यक्तिको महत्वपूर्ण स्वरूपलाई क्षति पुऱ्याइ परम्परागत कलाका स्वरूपहरूलाई अक्सर गरेर मनोरञ्जनको नाममा बजारमा बेचिने वस्तुको रूपमा परिणत गरिएको छ ।

फोटो © योशी सिमीजू / www.yoshi-shimizu.com

*अफ्रिकी मूलका दासहरूको नृत्य तथा साँस्कृतिक परम्पराबाट विकसित साम्बा डि रोडा अफ रिकन्काभो अफ बाहिआ (**ब्राजिल**) ले पोर्चुगिज संस्कृति, खास गरे भाषा र काव्यात्मक शैलीलाई पनि समेट्दछ । यो स्थानीय शैलीले शहरी साम्बाको विकासमा प्रभावित पारेको छ, जुन बिसौँ शताव्दीमा ब्राजिलको राष्ट्रिय पहिचानको प्रतीक बन्न पुगेको छ ।*



फोटो © लुइज स्यान्टोज / युनेस्को

***भारत**का सबैभन्दा पुराना परम्पराहरूमध्येको एक संस्कृत नाट्यशाला, कुटीयाट्टम, संस्कृत शास्त्रीयवाद र स्थानीय केरला परम्पराको संमिश्रण हो । यसको शैलीबद्ध तथा सांकेतिक रंगमञ्चीय भाषामा, हाउभाउ एवं आँखाका अभिव्यक्तिहरू मुख्य मानिन्छ, जसले पात्रका विचार र भावनालाई व्यक्त गर्दछन् । परम्परागतरूपमा मन्दिरको पवित्र स्थलमा मञ्चन गरिने कुटीयाट्टम प्रस्तुतीमा दैवी उपस्थितिलाई जनाउन सदा तेलको दियो समावेश गरिन्छ ।*



फोटो © नाटनाकैरली / युनेस्को

*स्लोभाक्को भरबन्क रिक्रूइट (**चेक गणतन्त्र**) परम्परागत रूपमा सबै उमेरका पुरूषहरूले नाच्ने नृत्यहरू हुन् । सटिक नृत्यकलामा बाँधिनु भन्दा पनि, यी नृत्यहरू स्वस्फूर्तता र व्यक्तिगत अभिव्यक्तिद्वारा तथा हावामा कावा खाने एरोबेटिक प्रतिस्पर्धाका लागि उल्लेखनीय मानिन्छन् । तिनीहरूको संरचनागत जटिलता र चालको विविधताले स्लोभाक्को भरबन्कलाई महान कलात्मक मूल्यको एक साँस्कृतिक अभिव्यक्ति बनाउँदछन् जसले यस भेंकको साँस्कृतिक पहिचान र विविधताल्ई व्यक्त गर्दछ ।*



फोटो © द नेशलन इन्स्टिच्युट अफ फोल्क कल्टर



फोटो © सीएनआरपीएच / युनेस्को



फोटो © संस्कृति तथा ललितकला मन्त्रालय

कम्बोडियाको रोयल ब्यालेट

अन्य सन्दर्भहरूमा, वृहत सामाजिक वा वातावरणीय तत्वहरूले प्रस्तुति कलाको परम्परामा गम्भीर असर पार्नसक्छन् । उदाहरणका लागि, वनफँडानीले समुदायलाई संगीत प्रस्तुत गर्नका लागि प्रयोग गरिने परम्परागत बाद्यवादन सामाग्री बनाउनका लागि आवश्यक काठबाट बञ्चित पार्नसक्छ ।

धेरै संगीत परम्पराहरू पश्चिमी शैलीका संकेत पद्धतिसँग मिल्ने गरी रूपान्तरित गरिएको छ ता कि तिनीहरूलाई रेकर्ड गर्न सकियोस् वा शैक्षिक उद्देश्यका लागि प्रयोग गर्न सकियो् । तर यस्तो प्रक्रिया विनाशकारी हुनसक्छ । धेरै प्रकारका संगीतमा सूर, ताल र विश्राम सहितको सरगम प्रयोग गरिएको हुन्छ जुन स्तरीय पश्चिमी संरचनासँग मिल्दैन र स्वरांकनका क्रममा सुरको मिहिनता गुम्न सक्छ । साथै संगीत एउटै स्वरूपको बनाइदिंदा, बाद्यवादनका सामाग्रीहरूलाई अझै बढी परिचित बनाउन वा विद्याथीहरूलाई बजाउनका लागि सजिलो होस् भनेर, तारयुक्त बाजामा तहहरू थप्ने जस्तै, तिनलाई परिवर्तन गरिदिंदा बाद्यवादनका सामाग्रीहरू स्वयं नै मौलिकरूपमा नै बदलिइन सक्छन् ।



फोटो © यानिक जूरिस

*विद्यार्थीहरूलाई उस्तादहरूसँग नजिकरही काम गर्ने अवसर प्रदान गर्न 'गुरु कक्षा' को आयोजना गर्न सकिन्छ, जुन शश्माक्वम संगीतका लागि ताजकिस्तान र उज्वेकिस्तानमा, सस्सो बालाका लागि गिनीमा र पवित्र नकाव नृत्य ड्रमाटेज ङचमका लागि **भुटान**मा पहिले देखिनै चलिरहेको छ ।*

*रेकर्डिङले भावी पुस्ताका संगीतकारहरूलाई प्रेरणाको स्रोत, तालिम र ज्ञान प्रदान गर्ने कुराको सुनिश्चित गर्न **अफगानिस्तान**मा मुघम लोकसंगीतलाई राष्ट्रिय आर्काइभमा राखिएको छ ।*

*हस्तान्तरण त्रियाकलापहरूलाई अमूर्त साँस्कृतिक सम्पदा अध्यापनका माध्यमबाट पनि सुदृढ गर्न सकिन्छ, जस्तो कि **क्युवा**मा बालबालिकाहरूलाई टम्बा फ्रान्सेसा अध्यापन गराइन्छ ।*

***इथियोपिया**मा देशैभरका परम्परागत संगीत, नृत्य र बाद्यवादन सामाग्रीहरूको संकलन गर्न र इथ्नोम्युजिकोलोजीका क्षेत्रमा विश्वविद्यालयको पाठ्यक्रम निर्माण गर्ने कार्यमा सहयोग गर्न एक महत्वकांक्षी अनुसन्धान तथा तालिम परियोजना शुरू हुन लागेको छ ।*



फोटो © कोमिसन न्यासिओनल क्युबाना डि ला युनेस्को



फोटो © युनेस्को

परम्परागत प्रस्तुति कलाहरूको संरक्षणका लागि अपनाइने उपायहरू मुख्यतया बाद्यवादन सामाग्रीहरू बजाउने र बनाउने ज्ञान एवं प्रविधिको हस्तान्तरण र गुरू र शिष्यकाबीचको सम्बन्धलाई सुदृढ बनाउनेमा केन्द्रित हुनुपर्छ । गीतको मिहिनता, नृत्यका चालहरू र रंगमञ्चीय प्रस्तुतिकरणलाई मजवुत पार्नुपर्दछ । प्रस्तुतिहरू अनुसन्धान गर्न, रेकर्ड गर्न, अभिलेख राख्न, सूचीकृत गर्न र आर्काइभ पनि गर्न सकिन्छ । विश्वभर ध्वनिका असंख्य रेकर्डिङहरूलाई आर्काइभमा राखिएको छ, तीमध्ये धेरै त शताब्दीऔ पुराना छन् । डिजिटल प्रविधिमा राखेर संरक्षण नगर्ने हो भने यी पुराना रेकर्डिङहरू बिग्रन सक्ने एवं स्थायीरूपमा नै हराएर जानसक्ने खतरा छ । डिजिटलप्रविधिमा ढाल्ने प्रक्रियाका माध्यमबाट अभिलेखहरूलाई राम्रोसँग पहिचान गर्न एवं सूचीकृत गर्न सकिन्छ ।

साँस्कृतिक मिडिया, संस्था तथा उद्योगहरूले परम्परागत शैलीका प्रस्तुति कलाहरूका दर्शकहरू बढाएर र जनसाधारणकामाझ चेतना जगाएर तिनको जीवन्तता सुनिश्चित गर्नमा महत्वपूर्ण भूमिका खेल्न सक्छन् । दर्शकस्रोताहरूलाई अभिव्यक्तिको स्वरूपका विविध पक्षहरूकाबारेमा जानकारी दिन सकिन्छ जसले गर्दा यसले नयाँ र वृहत लोकप्रियता प्राप्त गर्नुका साथै यसको विशेषताको समेत प्रबर्द्धन हुन सकोस् र जसले गर्दा कुनै पनि कलाको स्वरूपलाई स्थानीय रंग दिनका लागि अभिरूची जगाउनुका साथै प्रस्तुतिमा समेत सक्रिय सहभागिता जुट्न सको्स ।

संरक्षणले प्रस्तुति कलाका सबै पक्षहरूलाई समेट्ने गरी पूर्ण रूपमा जगेर्ना गर्नका लागि कर्मचारी र संघसंस्थाहरूलाई राम्रोसँग तयार गर्न तालिम तथा पूर्वाधारमा सुधार गर्ने क्रियाकलापहरूलाई समेत समेट्नु पर्दछ । जर्जियामा विद्यार्थीहरूलाई डाटावेस बनाएर राष्ट्रिय विवरणसूचीको जग निर्माण गर्नसकून भनी मानवशास्त्रीय स्थलगत कार्यविधिका साथै वहुस्वरहरूलाई कसरी रेकर्ड गर्ने भनेर तालिम दिइन्छ ।

**सामाजिक प्रचलन, अनुष्ठान एवं चाडपर्वका उत्सवहरू**

सामाजिक प्रचलन, अनुष्ठान एवं चाडपर्वका उत्सवहरू नित्य क्रियाकलापहरू हुन्, जसले समुदाय र समूहको जीवनलाई एउटा आकार दिन्छन् । उनीहरूका लागि यस्ता क्रियाकलपाहरू साझा र सान्दर्भिक हुन्छन् । तिनीहरू महत्वपूर्ण हुन्छन् किनकि तिनले ती व्यक्तिहरूको पहिचानलाई पुनर्पुष्टि गरिदिन्छन् जसले समूह वा समाजका रूपमा तिनको अभ्यास गर्दछन् र चाहे सार्वजनिक रूपमा प्रस्तुत गरिएको होस् वा नीजिरूपमा, ती महत्वपूर्ण पर्वका रूपमा नजिकैबाट जोडिएका हुन्छन् । सामाजिक, संस्कारगत तथा उत्सवी अभ्यासहरूले ऋतु परिवर्तन, कृषि पात्रोका घटनाहरू वा कुनै व्यक्तिको जीवनका चरणहरूलाई व्यक्त गर्न सहयोग गर्नसक्छन् । तिनीहरू समुदायको विश्वदृष्टि र उसको आफ्नै इतिहास र स्मृतिसँग निकटरूपमा जोडिएका छन् । तिनीहरू ससाना जमघटदेखि विशाल सामाजिक मेला एवं महोत्सव अनुसार फरकफरक हुन सक्छन् । यस्ता हरेक उप–विधाहरू निकै विशाल हुने भएता पनि तिनीहरूकाबीचमा प्रशस्तै समानता पनि हुन्छ ।

संस्कार एवं चाडपर्वहरू अक्सर विशेष समय र स्थानमा आयोजना हुन्छन् र यिनीहरूले समुदायलाई उसको विश्वदृष्टि र इतिहासका पक्षहरू स्मरण गराइदिन्छन् । केही सन्दर्भहरूमा संस्कारसम्मको पहुँच समुदायका निश्चित सदस्यहरूमा मात्रै सीमित गरिएको हुनसक्छ; दीक्षा संस्कार र समाधि संस्कार दुईवटा यस्ता उदाहरणहरू हुन् । केही चाडपर्वहरू भने सार्वजनिक जीवनका मुख्य हिस्सा हुन्छन् र समाजका हरेक सदस्यहरूका लागि खुला हुन्छन्; आनन्दोत्सव, नयाँ वर्ष, वसन्त ऋतुको आगमन र खेतीपाती थन्काएर सकेपछि आयोजना गरिने उत्सवहरू विश्व भरिनै सबैका लागि साझा समावेशी अवसरहरू हुन् ।



जोङ्मो मन्दिरमा आयोजित शाही पुर्ख्यौली संस्कार र सम्बद्ध संगीत, गणतन्त्र कोरिया

फोटो © कल्चरल प्रोपर्टीज एडमिनिस्ट्रेशन

सामाजिक अभ्यासहरूले दैनिक जीवनलाई आकार दिन्छन् र समुदायका हरेक सदस्यहरू यसमा भाग नलिएता पनि त्यस्ता अभ्यासहरूसँग परिचित हुन्छन् । विशिष्ट सामाजिक अभ्यासहरू जुन समुदायका लागि विशेष गरेर सान्दर्भिक छन् र जसले उनीहरूको पहिचान तथा विगतसँगको निरन्तरतालाई पुनर्पुष्टि गर्नमा सहयोग पुऱ्याउँछन्, तिनलाई सन् २००३ को महासन्धिमा प्राथमिकता दिइएको छ । उदाहरणका लागि धेरै समुदायमा अभिवादन गर्ने प्रचलन अनौपचारिक हुन्छ जबकि अन्य समुदायमा ती बढी विस्तृत र संस्कारगत हुन सक्छन् जसले समाजका लागि पहिचानको चिह्नका रूपमा काम गर्न सक्छन् ।

*जोङ्मो मन्दिरमा आयोजना गरिने शाही पुर्ख्यौली संस्कार, (**गणतन्त्र कोरिया**), ले पुर्खाहरूलाई पूजा गर्ने एवं सन्तानोचित भक्तिभाव दर्शाउने शताव्दीऔं पुरानो उत्सवका सबै भागहरू समेटिएका गीत, नृत्य र संगीतलाई सामेल गर्दछ ।*



फोटो © कल्चरल प्रोपर्टीज एडमिनिस्ट्रेशन

***माली**को भित्री नाइजर डेल्टाको वस्तुचरण भएका भूभागहरूमा मौसमी बसाईंसराइका बेला बर्षको दुई पटक, गाइवस्तुहरूले नदी पार गर्नुलाई पेउल समुदायको यारल र डेगल पर्वका रूपमा चिनिन्छ । यी पर्वहरूमा सबैभन्दा सुन्दरढंगले सजाइएका गाईवस्तुका झुण्डहरू, गीत र चरणसम्बन्धी कविता बाचनका लागि प्रतिस्पर्धाहरू सञ्चालन गरिन्छ ।*



फोटो © मोडिबो बागायोको / डीएनपीसी

*बेल्जियमको बिन्सँको रमिता, **बोलिभिया**को अरूरोको रमिता वा जाम्बियाको माकिशी मास्करेडमा रंगीन सौन्दर्य स्पर्धा, गायन तथा नृत्य र विभिन्न प्रकारका पहिरण वा मुखौटाहरू समावेश गरिन्छ । केहि सन्दर्भहरूमा यी उत्सवहरूलाई भिन्न पहिचान धारण गरेर हँसिमजाक र रमाइलोका माध्यमबाट सामाजिक वा राजनैतिक अवस्थामाथि टिकाटिप्पणी गरी सामाजिक भिन्नतालाई अस्थायी रूपमा पराजित गर्ने साधनका रूपमा पनि लिइन्छ ।*



फोटो © जे.पी. टगोइन / युनेस्को

*उत्तरी **मालावी**को ग्रामीण भागमा व्यापकरूपमा अभ्यास गरिने भिम्बुजा उपचारमूलक संस्कार मानसिक आघातलाई परास्त गर्ने उपायका रूपमा उन्नाइसौं शताव्दीको मध्यतिर विकसित गरिएको हो, तर गएका केही दशकहरूमा यसको प्रचलनमा कमी आउन थालेको छ । संरक्षणका प्रयत्नहरूले भिम्बुजा उपचारमूलक नृत्य सिक्न युवाहरूका लागि प्रोत्साहन सृजना गर्ने तथा प्यानल छलफलको प्रसारण, तालिम कार्यशाला र उत्सवहरूका माध्यमबाट भिम्बुजा उपचारक चिकित्सा सम्बन्धी सवालहरूका क्षेत्रमा काम गर्ने र सरकारी तथा गैरसरकारी निकायहरूका बीच संवादलाई अगाडि बढाउने गर्दछन् ।*



फोटो © फ्राकोइस जेमियर फ्रेन्ल्याण्ड / युनेस्को



यसरी नै उपहार दिने र लिने प्रचलन अनौपचारिक घटना पनि हुन सक्छ र महत्वपूर्ण राजनैतिक, आर्थिक वा सामाजिक अर्थ सहितको औपचारिक व्यवस्थापन पनि हुनसक्छ ।

सामाजिक अभ्यास, संस्कार र चाडपर्वहरूका शैलीमा अनौठो विविधता पाइन्छः पूजाअर्चना विधिहरू; विभिन्न उमेरमा पुग्दा गरिने संस्कारहरू; जन्म, विवाह तथा मृत्यु संस्कार; निष्ठाको सपथ, परम्परागत न्याय पद्धति, परम्परागत खेलकूद; नातागोता तथा नातागोताको संस्कारमा आयोजना गरिने उत्वसहरू; बस्ती बसाउने तरिका; खाना पकाउने परम्परा; विभिन्न मौसमहरूमा आयोजना गरिने उत्वसहरू; पुरुष वा महिला विशेष उत्सवहरू; शिकार खेल्ने, माछा मार्ने र जम्मा गर्ने लगायत धेरै यस्ता अभ्यासहरू । यिनीहरूमा विशेष हाउभाउ एवं बोली, वाचन, गीत वा नृत्य, विशेष पहिरन, जुलुस, जनावरहरूको बलि दिने, विशेष खालको खाना लगायत अभिव्यक्ति र भौतिक तत्वहरूको वृहत विविधता समेत समावेश भएको हुन्छ ।

सामाजिक अभ्यास, संस्कार तथा चाडपर्वहरू अभ्यासकर्ता र समुदायका अन्य सदस्यहरूको बृहत सहभागितामा निर्भर रहने हुँदा आधुनिक समाजमा समुदायमा आउने परिवर्तनले यस्ता अभ्यासहरूमा दह्रो असर पार्दछ । बसाईसराई, वैयक्तिकरण, औपचारिक शिक्षाको सामान्य परिचय, विश्वका मुख्य धर्महरूको बढ्दो प्रभाव जस्ता प्रक्रिया र विश्वव्यापीकरणका अन्य प्रभावहरूले यी अभ्यासहरूमा खास असर पारेको देखिन्छ ।

खास गरेर युवाहरूको बसाईसराईले अमूर्त साँस्कृतिक सम्पदा अभ्यास गर्नेहरूलाई उनीहरूको समुदायबाट टाढा पुर्‍याउन सक्छ र केही साँस्कृतिक अभ्यासहरूलाई संकटमा पारिदिन सक्छ । यद्यपि, सामाजिक अभ्यासहरू, संस्कार तथा चाडपर्वहरूलाई विशेष अवसरका रूपमा लिइने हुँदा आफ्नो घरपरिवार र समुदायसँगै मनाउन समुदायको परम्परासँग आफ्नो पहिचान र सम्बन्धलाई पुनर्पुष्टि गर्दै परदेश गएका मानिसहरू पनि यस्तै अवसरहरूमा घर फर्किने गर्दछन् ।

धेरै समुदायले उनीहरूको चाडपर्वमा आयोजना गरिने कार्यक्रमहरूमा बढ्दो मात्रामा पर्यटकहरू सहभागी भइरहेको पाएका छन् । यसका केही सकरात्मक पक्षहरू त होलान्, तर पर्यटकहरूको बढ्दो सहभागिताले चाडपर्वहरूमा पनि परम्परागत प्रस्तुति कलालाई जस्तै असर परेको पाइन्छ । सामाजिक अभ्यास, संस्कार र विशेष गरेर चाडपर्वहरूको जीवन्तता पनि बढीमात्रामा साधारण सामाजिक तथा आर्थिक अवस्था माथि निर्भर रहेको हुनसक्छ ।

फोटो © लुइज स्यान्टोज / युनेस्को

*मर्राकेश (**मोरक्को**) स्थित जमा एल–फना स्क्वायरमा प्रदर्शन गरिने विभिन्न प्रकारका सामाजिक प्रस्तुतिहरू बढ्दो शहरीकरण र विकास परियोजनाका कारण बढेको अत्याधिक सवारीसाधनको चाप र हवाइ प्रदूषणले गर्दा विस्तारै लोप हुने अवस्थामा पुग्ने खतरा थियो । शहरी योजना निर्माण र आर्थिक विकासका बीचको द्वन्द्व समाधान गर्ने एवं साँस्कृतिक तथा वातावरणीय सरोकारहरूलाई सम्बोधन गर्ने प्रयत्न स्वरूप सामाजिक अभ्यासहरूको संरक्षणका लागि कारहरू र टुरिष्ट गाडीको संख्या घटाउन अधिकारीहरूले स्क्वाएरमा पुग्ने बाटाहरूमा पैदलबाटो निर्माण गरे ।*



फोटो © युनेस्को / जेन राइट

*कार्निभल डि बरान्क्विल्लाको मौलिकता जोगाउन तथा यसमा सहभागितालाई प्रोत्साहित गर्न एउटा स्थानीय फाउण्डेसन बनाइएको छ जसले बालबालिकाहरूको मेलामा सहयोग गर्दछ, जुन **कोलम्बिया**मा प्रदर्शन गरिने रमिताहरूको महत्वपूर्ण तत्व बनेको छ । अभ्यासकर्ताहरूले झाँकी (floats), भड्किलो पहिरन, शीरमा लगाइने गहना, सांगीतिक बाजागाजा, जनावरका मुखौटाहरू र अन्य कलात्मक सामाग्रीहरूलगायत हस्तकला सामाग्रीहरूको उत्पादनका लागि आर्थिक सहयोग प्राप्त गरे । लघु-ऋण कार्यक्रमले कालिगढहरूका लागि सामाग्रीहरू उत्पादन गर्न ससानो रकम पैसा सापट लिन र तिनलाई अतिरिक्त आम्दानीका लागि बिक्रि गर्नका लागि सम्भव भयो जसले गर्दा उनीहरूको जीवनको गुणस्तरमा सुधार आउनुका साथै रमितामा उनीहरूको सहभागिताको महत्वमा समेत थप जोड पुग्न गयो ।*



फोटो © संस्कृति मन्त्रालय, गणतन्त्र कोलम्बिया



फोटो © युनेस्को / सिभिजजिकाइ मापफुमो

*द एमबेण्डे जेरूसरेमा डान्स, जिम्बाब्वे*

*द साम्बा डि रोडा अफ रिकन्काभो अफ बाहिआ, ब्राजिल*

वस्त्राभूषण र मखुण्डो तयार पारेर तिनको उत्पादन गरी सहभागीहरूलाई प्रदान गर्नु प्रायः महंगो हुने गर्दछ र आर्थिक अवस्थामा गिरावट आएका बेलामा यसलाई दिगो बनाउने संभावना नरहन सक्छ ।

सामाजिक अभ्यास, संस्कार वा चाडपर्वहरूको निरन्तरताको सुनिश्चितताका लागि धेरै संख्यामा व्यक्तिहरू तथा सामाजिक, राजनैतिक तथा कानूनी संस्था एवं संयन्त्रहरूलाई परिचालन गर्नु आवश्यक हुन्छ । निश्चित समुदायले मात्रै सहभागी हुन पाउने प्रथागत प्रचलनहरूलाई सम्मान गर्दै यथासंभव वृहत जनसहभागितालाई प्रोत्साहन गर्नुपर्दछ । कहिलेकाहीँ सामाजिक अभ्यास, संस्कार एवं चाडपर्वका उत्सवहरूको प्रस्तुतिका लागि समुदायलाई उसका पवित्र स्थल, महत्वपूर्ण वस्तु वा प्राकृतिक स्रोतसाधनहरूसम्मको पहुँचको अधिकारलाई प्रत्याभूत गर्न कानूनी तथा औपचारिक उपायहरू पनि अपनाउनु आवश्यक हुन्छ ।

**प्रकृति तथा ब्रह्माण्डसँग सम्बन्धित ज्ञान एवं अभ्यासहरू**

प्रकृति तथा ब्रह्माण्डसँग सम्बन्धित ज्ञान तथा अभ्यासहरूमा समुदायले उनीहरूको प्राकृतिक वातावरणसँगको परस्पर प्रभावमा विकसित गरेका ज्ञान, प्रविधिसम्बन्धी जानकारी, सिप, अभ्यास तथा प्रतिनिधित्वहरू पर्दछन् । ब्रह्माण्डकाबारेमा यसरी सोच्ने तरिका भाषा, मौखिक परम्परा, स्थानप्रतिको लगाव, संस्मरण, आध्यात्मिकता एवं विश्वदृष्टिका माध्यमबाट अभिव्यक्त हुन्छन् । तिनीहरूले मूल्य एवं विश्वासलाई पनि दह्रोसँग प्रभाव पार्दछन् र थुप्रै साँस्कृतिक अभ्यासहरू तथा साँस्कृतिक परम्पराहरूलाई टेवा पुऱ्याइरहेका हुन्छन् । प्राकृतिक वातावरण र समुदायको व्यापक विश्वले तिनीहरूलाई आकार प्रदान गर्दछन् ।

यो विधाले परम्परागत पर्यावरणीय ज्ञान, मौलिक ज्ञान, स्थानीय जीवजन्तु एवं वनस्पतिसँग सम्बन्धित ज्ञान, परम्परागत उपचार पद्धति, संस्कार, विश्वास, दीक्षा संस्कार, ब्रह्माण्ड विज्ञान, धामीझाँक्री विद्या, स्वत्वोधक संस्कार कार्य, सामाजिक संगठन, चाडपर्व, भाषा तथा दृष्यकला लगायतलाई समेट्दछ ।

परम्परागत ज्ञान एवं अभ्यासहरू समुदायको संस्कृति एवं र पहिचानको केन्द्रमा रहन्छन् तर विश्वव्यापीकरणका कारण यिनीहरू गंभीर जोखिममा परेकाछन् । स्थानीय वनस्पतिहरूको औषधीजन्य प्रयोग जस्ता परम्परागत ज्ञानका केही पक्षहरूकाबारेमा वैज्ञानिक तथा व्यापारिक संस्थानहरूले रूची देखाउन सक्ने भएता पनि धेरै जसो परम्परागत अभ्यासहरू लोप भइरहेकाछन् । तीव्र शहरीकरण र कृषियोग्य जमिनको विस्तारले समुदायको प्राकृतिक वातावरण र यसकाबारेमा उनीहरूको ज्ञानमा देखिने असर पार्नसक्छ; वनजंगल फँडानीको परिणाम स्वरूप पवित्र जंगल लोप हुन जाने वा निर्माणका लागि काठको वैकल्पिक स्रोत खोज्नु आवश्यक छ ।

*न्हा न्हाक, भियतनामी कचहरी संगीत*

*भानुवातु स्याण्ड ड्रविङ्स*

*मृतकप्रति समर्पित मौलिक पर्व, मेक्सिको*



फोटो © न्यु मोनुमेन्ट कन्जर्भेसन सेन्टर



फोटो © भानुवातु नेशनल कल्चरल काउन्सिल



जलवायु परिवर्तन, निरन्तररूपमा भइरहेको वनविनास र मरूभूमीकरणले अवश्य पनि धेरै लोपोन्मुख प्रजातिहरूलाई जोखिममा पार्दछन् र कच्चा पदार्थ र वनस्पति लोप भएपछि परम्परागत शिल्पकला तथा जडिवूटिजन्य औषधीमा पनि ह्रास आउँछ ।

प्राकृतिक वातावरणलाई संरक्षण गर्नुभन्दा बढी कुनै पनि विश्वदृष्टिकोण वा विश्वास प्रणालीलाई संरक्षण गर्नु चुनौतिपूर्ण हुन्छ । सामाजिक तथा प्राकृतिक वातावरणसँग सम्बन्धित बाह्य चुनौतिहरूभन्दा अझै अघि बढेर, सुविधाबाट बञ्चित वा सीमान्तकृत समुदायहरू आफैं विशुद्ध आर्थिक विकास गर्ने जीवनशैली अवलम्बन गर्न खोज्दैछन् जुन उनीहरूका आफ्नै परम्पराहरू र प्रचलनभन्दा टाढाका हुन्छन् ।

प्राकृतिक वातावरणको संरक्षण अक्सर गरेर ब्रम्हाण्ड सम्बन्धी समुदायको ज्ञानकासाथै उसका अन्य अमूर्त साँस्कृतिक सम्पदाहरूको संरक्षणसँग घनिष्ठरूपमा गाँसिएको हुन्छ ।



फोटो © पेद्रो हिरियार्ट / आइएनआइ

*औषधी बनाउने समृद्ध ज्ञानका अतिरिक्त **बोलिभियाको** आण्ड्रियान स्थित कल्लावायका परम्परागत पुजारी वैद्यहरूले आण्ड्रियान इलाकाका मौलिक जनताहरूको ज्ञानमा आधारित परम्परागत चिकित्सा पद्धतिको विकास गरेका छन् । कल्लावाया महिलाहरूले ब्रह्माण्डका बारेमा उनीहरूको समुदायको दृष्टिलाई प्रतिबिम्बित गर्दै त्यसको रूपाङ्कन उनीहरूले तयार पार्ने लत्ताकपडामा समेट्दछन् ।*



फोटो © भाइस मिनिस्टेरिओ डि कल्चरा डि बोलिभिया

***भियतनामी** कचहरी संगीत न्हा न्हाकले देउता र राजाहरूसँग सञ्चार गर्ने तथा सम्मान भाव व्यक्त गर्ने साधनका साथै प्रकृति र ब्रह्माण्डसँग सञ्चार गर्ने ज्ञान प्रदान गर्दछ ।*



फोटो © ह्यू मोनुमेन्ट कन्जर्भेसन सेन्टर

***सेनेगल** र **गाम्बिया**मा पवित्र वनको कानूनी संरक्षणका साथै तालिम तथा जोखिममा परेका बिरूवाहरूको पुनः वृक्षारोपणका माध्यमबाट संरक्षित क्षेत्र व्यवस्थापनको प्रबर्द्धन गरिएकोले म्याण्डिङ समुदायको कान्कुराङ दीक्षा–संस्कार संरक्षणमा सहयोग पुगेको छ ।*



फोटो © डाइरेक्सन डु प्याट्रिमोइन कल्टुरेल, सेनेगल

***म्याडागास्कर**मा जाफिमनिरीको काष्ठकला ज्ञान संरक्षण गर्नका लागि बनाइएको योजनामा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्याटेन्ट्स स्थापना गरी कानूनी संरक्षण गर्ने कुरा समेटिएको छ । यसले जाफिमनिरी समुदायको पहिचानसँग घनिष्ठरूपमा गाँसिएको ग्राफिक डिजाइन र रूपाङ्कनको संरक्षण गर्नमा मद्दत पुग्नेछ । कुँद्नमा प्रयोग गरिने दुर्लभ जातका बृक्षहरूको पुनः वृक्षारोपण गरिएको छ ।*



फोटो © ज. सेगर / जेडईडी

***भानुवातु**मा बालुवमाथि कोरिने कलात्मक रेखाचित्र, वायापी (ब्राजिल) को मौखिक तथा रेखाचित्रात्मक अभिव्यक्ति, र जमिमनिरीको काष्ठकला ज्ञान दृष्यात्मक वा सजावट कलाका विविध स्वरूपहरू हुन् । यी सबैकलाहरू आ-आफ्नो समुदायका सृष्टि-गर्भसम्बन्धी विश्वासबाट प्रेरित भइ तिनलाई अभिव्यक्त गर्दछन् । कलाकारहरूलाई उनीहरूको कला प्रदर्शन गर्न तथा त्यससम्बन्धी ज्ञान हस्तान्तरण गर्न दिन नयाँ उत्सवहरू तथा अन्य सामुदायिक कार्यक्रमहरू आयोजना गरी परम्परागत समुदायमा बुलवामाथि कोरिने रेखाचिहरूको अभ्यासलाई नयाँ जीवन प्रदान गरिनेछ । यसलाई संरक्षण गर्नका लागि कानूनी एवं व्यापारिक नियमहरू समेत लागू गरिएको छ । यसलाई विद्यालयका बालबालिकाहरूलाई पढाइने स्तरीय पाठ्यक्रममा समावेश गरिनेछ र कलाकारहरूले आयआर्जन गर्न सकून भनी एउटा आर्थिक कोष स्थापना गरिनेछ ।*



फोटो © भानुवातु नेशनल कल्चरल काउन्सिल


फोटो © संस्कृति तथा पर्यटन मन्त्रालय, गणतन्त्र इण्डोनेसिया


फोटो © मार्क सूसार


फोटो © जे.के. वाल्लुसिम्भी


फोटो © ज एलेक्सिस लेकोर्ट, मिनिस्टेरे डि ला कल्चर, फ्रान्स


फोटो © लिथुवानिया लोक संस्कृति केन्द्र

*हतियार र आध्यात्मिक दुबै उद्देश्यका लागि प्रयोग हुने* ***इन्डोनेसियन*** *क्रिसमा जादूगरी शक्ति हुने विश्वास गरिन्छ । छुरा बनाउने छुराकर्मी वा इम्पूले आगोमा पग्लेको फलामका विभिन्न तहहरूमा धार बनाउँछन् । इम्पूलाई अत्यन्तै सम्मानित कालिगढ मानिन्छ जो साहित्य, इतिहास र तन्त्रमन्त्रका पनि ज्ञाता मानिन्छन् । परम्परागत तरिकाले उच्च गुणस्तरीय क्रिस बनाउने सक्रिय र सम्मानित इम्पुहरू अझै पनि धेरै टापुहरूमा पाइने भएता पनि उनीहरूको संख्यामा नाटकीय ढंगले कमी आएको छ, र यस्ता मानिसहरू पाउन त झनै कठिन छ जसलाई उनीहरूले आफ्नो ज्ञान हस्तान्तरण गर्न सकून् ।*

*किंह्नु साँस्कृतिक स्थल* ***(इस्टोनिया)*** *को सबैभन्दा बढी दृष्यात्मक प्रतिकचिह्न भनेको समुदायका महिलाहरूले बुन्ने ऊनीका हस्तकला सामाग्रीहरू हुन् । परम्परागत तान र स्थानीय ऊनको प्रयोग गरेर उनीहरूको आफ्नै घरमा काम गरी यी महिलाहरूले हाते रुमाल, मोजा, स्कर्ट, ब्लाउजहरू बुन्छन्; यी आकर्षक घरबुना लुगाहरूमा बुनिएका प्रतिकात्मक शैली एवं रंगहरूको जरो प्राचिन किंवदन्तीसम्म फैलिएको छ ।*

***युगाण्डा****मा बोक्राको कपडा बनाउने कलासँग मानवजातिका सबैभन्दा पुराना केही ज्ञानहरू, बुन्ने कलाको आविस्कार हुनुभन्दा पनि पहिलेको एउटा प्रागऐतिहासिक प्रविधि, संलग्न रहेका छन् । बोक्राका लुगा खासगरेर राज्याभिषेक र परम्परागत उपचार महोत्सवहरूमा लगाइन्छ, यसलाई पर्दा, लामखुट्टेको जाली, बिछ्यौना र भकारी बनाउनमा पनि प्रयोग गरिन्छ । व्यापारीहरूको ताँतीले कपासका लुगाहरू ल्याउन शुरू गरेपछि, बोक्रा उत्पादनमा कमी आयो र बोक्राका लुगाहरूको साँस्कृतिक एवं आध्यात्मिक कार्यमा ह्रास आयो । हालैका दशकहरूमा यो परम्परालाई फेरि ब्युताईंदैछ ।*

***फ्रान्स****मा मैत्रेज डीआर्ट (Maîtres d'Art') प्रणालीले बाजागाजा बनाउने, कपडा बनाउने, किताब बनाउने लगायतका विविध कलाक्षेत्रमा भएका अनुकरणीय कालिगढहरूलाई मान्यता दिन्छ । यो प्रणालीको लक्ष्य उनीहरूको ज्ञान तथा सिप अरूलाई हस्तारण गर्नमा सहयोग गर्नु हो ।*

***लिथुवानिया****को प्रिएनाइ शहरमा क्रस बनाउने यस क्षेत्रको कलालाई प्रबर्द्धन गर्न एउटा केन्द्र र शिल्पशाला स्थापना गरिएको छ । यहाँ स्थानीय बजारहरू र घरेलु तथा अन्तर्राष्ट्रिय दुवैथरि नीजि ग्राहकहरूको माग पुरा गर्न शिष्यहरूले गुरुहरूबाट क्रस बनाउन सिक्छन् ।*

# शिल्पकला

**परम्परागत शिल्पकलाकारिता**

परम्परागत शिल्पकलाकारिता अमूर्त साँस्कृतिक सम्पदाको संभवतः सबैभन्दा मूर्त अभिव्यक्ति हो । यद्यपि, २००३ को महासन्धि मुख्यतया शिल्पकला उत्पादनसँगभन्दा पनि शिल्पकलामा प्रयोग हुने सिप तथा ज्ञानसँग सम्बन्धित छ । संरक्षणका लागि गरिने प्रयत्नहरू, शिल्पकला वस्तुहरूलाई जगेर्ना गर्नेभन्दा पनि कालिगढहरूलाई शिल्पकला उत्पादनलाई निरन्तरता दिन र उनीहरूको सिप तथा ज्ञानलाई अरूहरू, खास गरेर उनीहरूको आफ्नै समुदायमा हस्तान्तरण गर्ने तर्फ केन्द्रित हुनुपर्दछ ।

परम्परागत शिल्पकलाकारिता अभिव्यक्तिहरू धेरै छन्: उपकरण; वस्त्र एवं आभुषण; पहिरन एवं कला प्रस्तुत गर्दा लगाउने वस्त्रहरू; चाडपर्व र प्रस्तुति कलाका लागि अवश्यक पर्ने पोशाक तथा सरसामाग्रीहरू; भण्डार गर्ने डब्बा, भण्डार, ढुवानी र थन्काएर राख्नमा प्रयोग हुने सामाग्रीहरू; सजावट कला तथा संस्कार सामाग्रीहरू; मनोरञ्चन र शिक्षा दुवैका लागि प्रयोग गरिने सांगीतिक बाद्यवादनका सामाग्रीहरू तथा भाँडाकुडाँ, खेलौना आदि । यीमध्ये धेरै जसो वस्तुहरू, जो चाडपर्वसँग सम्बन्धित धार्मिक कृत्यका लागि बनाईएका हुन्छन्, ती छोटो समयका लागि मात्रै प्रयोग गरिने हुन्छन् भने अरू वस्तुहरू पैत्रिक सम्पत्तिका रूपमा एकदेखि अर्को पुस्तासम्म हस्तान्तरण भएका पनि हुन सक्छन् । शिल्पकला वस्तुहरू जस्तै शिल्पकला सामाग्रीहरू बनाउनमा प्रयोग हुने सिप पनि विविध प्रकारका हुन्छन्, जस्तैः कोमल र निकै सतर्कताका साथ गर्नुपर्ने कागजका फूलहरू (Paper votives) बनाउने कामहरू देखि बलियो टोकरी वा बाक्लो कम्बल बनाउने जस्ता बल पर्ने कामहरू ।

अन्य प्रकारका अमूर्त साँस्कृतिक सम्पदाहरूलाई जस्तै विश्वव्यापीकरणले परम्परागत शिल्पकलाको बचावटमा पनि चुनौतिहरू खडा गरिदिएको छ । हाते उत्पादनलेभन्दा ठूलो बहुराष्ट्रिय कम्पनीको स्तरमा होस् वा स्थानीय घरेलु उद्योगमा गरिने आम उत्पादनले दैनिक जीवनका लागि चाहिने वस्तुहरूलाई पैसा र समय दुवै हिसाबले अक्सर सस्तो मूल्यमा आपूर्ति गर्नसक्छ । यो प्रतिस्पर्धा अनूकल आफूलाई रूपान्तरण गर्न शिल्पकारहरूले संघर्ष गरिरहेका छन् । वातावरणीय र जलवायुसँग सम्बन्धित दबाबले पनि परम्परागत शिल्पकारितामा असर पार्दछ । जंगलफँडानी र जमिन सफाइका कारण प्रमुख प्राकृतिक स्रोतहरूको उपलब्धतामा ह्रास आउँछ । परम्परागत कालिगढीले घरेलु उद्योगका रूपमा विकास हुँदा पनि बढ्दो मात्रामा हुने उत्पादनले वातावरणमा क्षति पुऱ्याउन सक्छ ।

सामाजिक अवस्था वा साँस्कृतिक स्वादमा परिवर्तन आएसँगै, कुनैसमयमा धेरैमात्रामा शिल्पकलाका सामाग्रीहरू आवश्यक पर्ने गरेकोमा अब चाडपर्व एवं उत्सवहरूमा थोरैमात्रामा मात्रै यस्ता सामाग्रीहरूको प्रयोग गर्ने हुन सक्दछ, अब

फोटो © जे.के. वाल्लुसिम्भी



परिणामस्वरूप कालिगढहरूले आफ्नो कला अभिव्यक्त गर्ने अवसरमा कमी आउन सक्छ । धेरैजसो परम्परागत शैलीका शिल्पकलाहरू सिक्न लामो समयसम्म प्रशिक्षण लिनुपर्ने र अत्यन्तै धेरै खट्नुपर्ने ठानेर समुदायमा युवावर्गले यसको सट्टामा बरू कारखाना वा सेवा उद्योगमा काम खोज्नेतर्फ लाग्न सक्छन् जहाँ काम पनि झंझटिलो नहुने र तलब पनि प्रायः राम्रो हुने गर्दछ । धेरै शिल्प परम्पराहरूमा 'गोप्य राखिने उत्पादन विधि' हुन्छन् जो बाहिरिकाहरूलाई सिकाउन मिल्दैन तर यदि परिवारका सदस्य वा समुदायका सदस्यहरूले यसलाई सिक्ने इच्छा नराखेमा उक्त ज्ञान लोप हुनसक्छ किनकि आगन्तुकलाई सिकाउँदा परम्पराको उल्लंघन हुन्छ ।

संरक्षणको लक्ष्य, अन्य प्रकारका अमूर्त साँस्कृतिक सम्पदाहरूमा जस्तै, परम्परागत कालिगढीसँग सम्बन्धित ज्ञान र सिप भावी पुस्ताहरूमा पनि हस्तान्तरण भएको सुनिश्चित गर्नु हो ता कि, यसका सर्जकहरूलाई जीविकोपार्जनका अवसरहरू प्रदान गर्दै तथा उनीहरूको सृजनशीलतालाई प्रतिबिम्बित गर्दै, उनीहरूको समुदायभित्र निरन्तर रूपमा शिल्पकला उत्पदान भइरहोस् ।

धेरै शिल्पकला परम्पराहरूसँग सिकाउने र प्रशिक्षार्थी बन्ने युगौ पुरानो विधि हुन्छ । यस्ता रीतिहरूलाई मजबूत बनाउने तथा सुदृढीकरण गर्ने एउटा प्रमाणित उपयोगीसिद्ध उपाय भनेको शिष्य तथा गुरू दुवैका लागि ज्ञान हस्तान्तरणलाई आकर्षक बनाउन आर्थिक प्रोत्साहन प्रदान गर्नु हो ।

एकै पटकमा नयाँ बजारको सृजना गर्दै शिल्पकलासँग सम्बन्धित स्थानीय, परम्परागत बजारलाई पनि मजबूत बनाउन सकिन्छ । शहरीकरण एवं औद्योगीकरणको प्रतिक्रियास्वरूप, विश्वका धेरै मानिसहरूले हस्तकलाका सामाग्रीहरू प्रयोग गर्न आनन्द मान्ने गरेका छन् जुन कालिगढको सञ्चित ज्ञान र साँस्कृतिक महत्वले भरिएको हुन्छ र जसले विश्वव्यापी उपभोक्ता संस्कृतिमाथि हावी रहने थुप्रै 'उच्चस्तरीय प्रविधिको प्रयोग हुने' सामाग्रीहरूको सजिलो विकल्प प्रदान गर्दछ ।

अरू सवालहरूमा कच्चा पदार्थका लागि काठमा निर्भर परम्परागत शिल्पकलामा पुगेको क्षतिलाई पूर्ति गर्न रूखहरू रोप्न सकिन्छ । कुनैकुनै परिस्थितिमा, वातावरणीय संरक्षणको सुनिश्चित गर्दै साधनस्रोतहरू संकलन गर्नपाउने समुदायको पहुँचसम्बन्धी अधिकारको प्रत्याभूति गर्न कानूनी उपायहरू अबलम्बन गर्नुपर्ने हुनसक्छ ।

थप कानूनी उपायहरू, जस्तै बौद्धिक सम्पत्ति संरक्षण तथा प्याटेण्ट वा प्रतिलिपि दर्ता आदिले समुदायलाई उसको परम्परागत विशेषता तथा शिल्पकलाबाट लाभ लिन सहयोग पुऱ्याउन सक्छन् । कहिलेकाहीँ, अरू उद्देश्यका लागि अपनाईएका कानूनी उपायहरूले शिल्पकला उत्पादनलाई प्रोत्साहन गर्न सक्छन् । उदाहरणका लागि, हानिकारक प्लाष्टिक व्यागमा लगाइएको स्थानीय प्रतिबन्धले हस्तकलामा आधारित कागजको व्याग वा घाँसबाट बनाइएको टोकरी बनाउन प्रोत्साहित गर्नसक्छ जसले गर्दा शिल्पकला सम्बन्धी परम्परागत सिप र ज्ञानले फस्टाउन पाउँदछ ।

*ब्रोत्काका लुगा बनाउने, युगाण्डा*

*इण्डोनेसियन क्रिस,*



फोटो © संस्कृति तथा पर्यटन मन्त्रालय, गणतन्त्र इण्डोनेसिया



फोटो © संस्कृति तथा पर्यटन मन्त्रालय, गणतन्त्र इण्डोनेसिया

आर्थिक सहयोग

संयुक्त राष्ट्र संघीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक संगठन

एसिया-प्रशान्त क्षेत्रमा अमूर्त सांस्कृतिक सम्पदाका लागि युनेस्को संरक्षित अन्तर्राष्ट्रिय सूचना तथा संजाल केन्द्र







अमूर्त सॉँस्कृतिक सम्पदा



संयुक्त राष्ट्र संघीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक संगठन

अमूर्त सांस्कृतिक सम्पदा

एक पुस्ता देखि अर्को पुस्तासम्म हस्तान्तरण भई आएको अमूर्त सॉँस्कृतिक सम्पदा निरन्तर रूपमा समुदाय र समूहद्वारा पुनर्निर्मित हुन्छ र यसले उनीहरूलाई पहिचान र निरन्तरताको बोध गराउँछ र यसरी सॉँस्कृतिक विविधता र मानव सृजनाशीलताका लागि सम्मान प्रबर्द्धन गर्दछ ।

चाइनिज टेम्पल ड्रागन, फोटो © आइस्टकफोटो